नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय

बुद्धनगर, काठमाण्डौ ।

# चार पाङ्ग्रे तथा दुई पाङ्ग्रे सवारी साधन बिक्री सम्बन्धी २१ (एक्काईस) दिने सूचना

**प्रकाशित मिति : २०८२/०४/२६**

नेपाल सरकार, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम समस्याग्रस्त घोषित सहकारी संस्थाहरुको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि सोहि ऐनको दफा १०५ बमोजिम यस समिति समक्ष लेखी आएका सहकारी संस्थाहरुले प्रयोग गरी रहेका र यस समितिको नियन्त्रणमा लिइएका तपसिल बमोजिम विवरण भएका सवारी साधनहरु लिलाम बिक्री गर्नका लागि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ११ को दफा १०६ तथा १०७ वमोजिम मूल्याङ्कन भई प्रतिवेदन समेत पेश हुन आएकोले सोहि नियमावलीको दफा १०८ कौ उपदफा १ को खण्ड ग बमोजिम २१ दिनको म्याद दिई राष्ट्रिय स्तरको पत्रपत्रिकामा जे जस्तो अवस्थामा छन् सोहि अवस्थामा बिक्री गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति संस्थाले तपसिल बमोजिमको शर्तमा रही शिलबन्दी निवेदन पेश गर्नु हुन सरोकारवाला सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

**बिक्री गर्ने सवारी साधनको विवरण :**

| क्र. सं. | सवारी साधन नं. | च्यासिस नं. | इन्जिन नं. | कायम मुल्य न्यूनतम मुल्य |
|---|---|---|---|---|
| | **चार पाङ्ग्रे सवारी साधन** | | | |
| १. | बा ४ च १३८ (Maruti Suzuki) | MA3EED81S00109825 | F10DN4010166 | ६२,०००।- |
| २. | प्रदेश ३-०१-०२४ च ४९६३ (Tata Tiago) | MAT626294LKJ37910 | REVTRN02JZXK64547 | १२,५०,०००।- |
| ३. | बा ७ च ५२९५ (Hyundai I10 Magna) | MALAM51CR9M436930J | G4LA9M-232721 | ५,००,०००।- |
| | **दुई पाङ्ग्रे सवारी साधन** | | | |
| ४. | सु.प.प्र.०१-०१०प ९४३० (स्कुटर, Aprila 150 SR) | M6T0003AA1J008913 | M911M3096635 | १,६०,०००।- |
| ५. | बा ६७ प ६८५९ (मो.सा., Yamaha FZS) | ME1RG0721F0052036 | G3C8E0088448 | ५५,०००।- |
| ६. | बा ८९ प ८८७८ (मो.सा., Yamaha FZS) | ME1RG4428N0066729 | G3J3E0103864 | ८०,०००।- |
| ७. | प्रदेश ३-०२-००४प ५७०३ (स्कुटर, Honda Grazia) | ME4JF499BKU064983 | JF49E43258268 | ९५,०००।- |
| ८. | बागमति प्रदेश ०२-०३४ प ०४८१ (स्कुटर, Honda Dio) | ME4JF39JMMD045818 | JF39ED1064265 | १,३५,०००।- |
| ९. | बागमति प्रदेश ०२-०३२-प ८६५४ (मो.सा., Yamaha FZS) | ME1RG445AN0085188 | G3J3E0564068 | १,७५,०००।- |
| १० | सु.प.प्र. ०१-०११ प १८७८ (मो.सा., Yamaha FZS) | ME1FG4458M0083615 | G3J3E0560160 | १,७५,०००।- |
| ११ | सु.प.प्र.०२-०४ प ०१२६ (मो.सा., Royal Enfield Classic) | ME3U3S5C1MM976916 | U3S5C1MM167823 | ३,००,०००।- |
| १२ | बा ३९ प ५७०३ (मो.सा., Honda Shine) | ME4JC366BA8384022 | JC36E9570604 | ३५,०००।- |
| १३ | बा ८४ प ५०२५ (मो.सा., Hero Splendor+) | MBLHA10CGH9C01055 | HA10ERH9C00943 | ५५,०००।- |
| १४ | से ६ प ९४२७ (मो.सा., Royal Enfield Classic) | MV3U39581JD684283 | U3S5C1JC333770 | २,५०,०००।- |
| १५ | ब्रा ९२ प ३९५७ (स्कुटर, Hero Maestro) | MBLJFW018HGM03841 | JF33ABHGM02896 | ६५,०००।- |
| १६ | बागमति प्र.०२-०३६प ६२७३ (ई.स्कुटर, ZLEV Co. LTD.) | LFYHJBTG0N0000121 | 12342117 0013Y9150 AQE560 | ५०,०००।- |
| १७ | ग २० प १६०९ (मो.सा., Bajaj Pulsur NS) | MD2A36FX5LCG95577 | JLXCLG25522 | १,७०,०००।- |
| १८ | बा ६५ प ७८६ (मो.सा., KTM Duke) | VBKJGJ4EXEC245713 | 490624928 | १२,०००।- |
| १९ | बा ९० प ६५२३ (मो.सा., Honda Aviator) | ME4JFZ1DKH8045474 | JF21E82081938 | ६५,०००।- |
| २० | बा ५० प ८७४४ (मो.सा., Honda Unicorn) | ME4KCO9CB8219391 | KC09E622S367 | ४०,०००।- |
| २१ | प्रदेश ३-०२-०१२प ८८०६ (मो.सा., Yamaha FZS) | ME1RG445BK00068955 | G3J3E0508775 | १,६०,०००।- |
| | **जम्मा मूल्य** | | | ३८,८९,०००।- |

**बोलपत्र सम्बन्धी शर्तहरु :**

१. बोलपत्रदाताले यस कार्यालयबाट रु.२,०००।-तिरी बोलपत्र खरिद गर्नु पर्ने र खरिद गरेको बोलपत्र फाराममा दस्तखत र फ़र्म वा संस्था भए छाप समेत लगाई पेश गर्नु गर्नु पर्नेछ ।
२. बोलपत्रको भाषा: लिलाम बिक्रीको लागि कार्यालय तथा बोलपत्रदाताले प्रयोग गर्ने कागजात तथा पत्राचार नेपाली भाषामा हुनेछ ।
३. कुनै बोलपत्रदाता फर्म वा संस्थाले संयुक्त उपक्रममा बोलपत्र पेश गर्न चाहेमा संयुक्त उपक्रम सम्झौता गरी पेश गर्न सक्नेछ । यसरी सम्झौता गरे पश्चात बोलपत्र फाराममा दस्तखत गर्ने लगायतको लागि आधिकारिक व्यक्ति नियुक्त गरी निजको दस्तखत नमूना बोलपत्र फाराममा समावेश गर्नु पर्नेछ ।
४. बिक्री सम्बन्धी कारवाही आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ मा भएको व्यवस्था बमोजिम हुनेछ ।
५. बोलपत्रसाथ आफूले कवोल गरेको रकमको १०% (दश प्रतिशत) ले हुने रकम यस समितिबाट तोकिएको बैंक खातामा जम्मा गरी भौचर पेश गर्नु पर्नेछ ।
६. बिक्री सम्झौता सम्बन्धी विवाद देखिएमा कार्यालय र बोलपत्रदाता बिच वार्ताद्वारा समाधान गरिनेछ ।
७. बोलपत्र फाराममा उल्लेख भए अनुरुपका लिलाम बिक्री गरिने सवारी साधन बोलपत्र पेश गर्नु अगावै हेरी बोलपत्र फाराम पेश गर्नु पर्नेछ ।
८. बोलपत्र फाराममा सवारी साधनको कवोल रकम स्पष्ट अङ्क र अक्षरमा लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।
९. बिक्रीको सम्झौता बमोजिमको रकम एकमुष्ट वा कार्यालयले तोकेको बैङ्कमा जम्मा गरी सोको भौचर पेश गर्नु पर्नेछ ।
१०. बोलपत्रदाताले सम्झौतामा उल्लेखित अवधिभित्र सम्पूर्ण सम्पत्ति तथा जिन्सी मालसामान उठाई लैजानु पर्नेछ ।
११. लिलाम गरिएको सम्पत्ति तथा मालसामान ढुवानी गरी एक ठाउँबाट अर्को ठाउँमा लैजादा लाग्ने सम्पूर्ण खर्च बोलपत्रदाता आफैले व्यहोर्नु पर्नेछ ।
१२. सम्झौता अवधिभित्र सम्पत्ति तथा मालसामान उठाई नलगेमा वा सम्झौताको शर्त बोलपत्रदाताले उल्लंघन गरेमा कार्यालयले बोलपत्रदाताको धरौटी रकम जफत गरी सम्झौता अन्त्य गरिनेछ ।
१३. सूचनामा उल्लेख समावेश भएका सवारी साधनहरुको हकमा एकमुष्ट सबै स्वीकार गर्ने पक्षलाई पहिलो प्राथमिकता दिइनेछ ।
१४. एकमुष्ट सकार गर्ने चाहने पक्षले प्रत्येक सवारी साधनको मूल्य खुलाई शिलबन्दी निवेदन एउटै निवेदनबाट समेत पेश गर्न सक्नेछ ।
१५. बोलपत्रदाताले सशर्त बोलपत्र पेश गर्न सक्ने छैन
१६. बोलपत्र सम्बन्धी शर्तहरु सम्झौताको अङ्ग हुनेछ ।
१७. लिलाम बिक्रीको लागि पेश भएको बोलपत्र स्वीकार गर्ने वा नगर्ने अधिकार कार्यालयमा सुरक्षित रहेको छ ।
१८. प्रस्तुत हुन आएका बोलपत्रहरुमध्ये सबैभन्दा बढी बोलकवोल गर्ने बोलपत्र स्वीकृत हुनेछ ।
१९. विस्तृत जानकारीको लागि यस समितिको कार्यालयको प्रशासन शाखामा सम्पर्क गर्नु होला ।